# जैमिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ

गण्डकी प्रदेश नेपाल

पत्र संख्याः २०७६/०७७ (शिक्षा) मिति २०७६/०७/२०

च. नः ३३२

**बिषयः सामुदायिक विद्यालयहरूलाई प्रस्तावना पेश गर्ने वारेको सूचना ।**

श्री सामुदायिक विद्यालय सवै ।

जैमिनी नगरपालिका, कुश्मीसेरा बागलुङ ।

प्रस्तुत बिषयमा आ.व. २०७६/०७७ को विद्यालय क्षेत्र विकास कार्यक्रम र बार्षिक नगर विकास योजना अन्तर्गत तपसिलमा उल्लेखित कार्यक्रमहरू कार्यान्वयनका लागि मिति २०७६/०८/२० गते भित्रमा प्रस्तावना पत्र पेश गर्नका लागि यस नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरूलाई यो सूचना जारी गरिएको छ । म्याद नाघेपछि प्राप्त प्रस्तावना उपर आवश्यक कार्वाही नगरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

**तपसिल**

१. माध्यमिक विद्यालयमा पुस्तकालय स्थापन तथा व्यवस्थापन (प्रति कोटा रु ६ लाख ५० हजार) ।
२. शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोग अनुदान (प्रति कोटा रु ६ लाख ५० हजार) ।
३. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान (प्रति कोटा रु ६ लाख ५० हजार) ।
४. पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण (प्रति कोटा रु ७ लाख) ।
५. गणित, बिज्ञान र अंग्रेजी विषयका लागि सामग्री (Kits) अनुदान, आधारभुत ६-८ संचालित लाइ मात्र (प्रति कोटा रु ५० हजार) ।
६. तोकिएको सूचकांकको आधारमा कार्यसम्पादन सम्पन्न गर्ने विद्यालयलाइ कार्य सम्पादनमा आधारित अनुदान Performance based grants. (प्रति कोटा रु ५० हजार) ।
७. कक्षाकोठा व्यबस्थापन तथा फर्निसिङ (प्रति कोटा रु ५० हजार) ।

**प्रस्तावना पत्रका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू र सर्तः**

१. विद्यालयले प्राप्त गर्न चाहेको कार्यक्रमको अलग अलग प्रस्तावना पत्र पेश गर्नु पर्नेछ ।
२. विगत वर्षहरूमा प्रदेश मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाई र यस नगरपालिका लगायत अन्य संघ संस्थाहरु बाट प्राप्त नभएको कार्यक्रम हुनु पर्नेछ ।
३. वि.व्य.स. को निर्णय प्रतिलिपी अनिवार्य हुनु पर्नेछ ।
४. पुस्तकालय, विज्ञान प्रयोगशाला र सूचना प्रविधिका लागि अलग्गै कक्षाकोठा र शौचालयका लागि विद्यालयमा तोकिए वमोजिम जग्गाको व्यवस्था हुनु पर्नेछ ।
५. Performance based grants का लागि बिद्यालय अनुदान व्यबस्थापन निर्देशिका २०७४ को अनुसूचि ३ मा उल्लेखित कार्य सम्पादन सूचकका आधारमा विद्यालयले शैक्षिक गुणस्तर सुधारका क्रियाकलाप सहितको प्रस्ताव पेश गर्नु पर्नेछ ।

# जैमिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ

visit Nepal 2020

गण्डकी प्रदेश नेपाल

पत्र संख्याः २०७६/०७७ (शिक्षा)

मिति २०७६/०७/२०

च. नः

६. कक्षाकोठा व्यबस्थापन र फर्निसिङका लागि विगत बर्षमा व्यबस्थापन नभएको कक्षा १ हुनुपर्ने छ विगत बर्षहरुमा कुनै संस्था वा बिद्यालयको आफ्नै श्रोतबाट व्यबस्थापन भएको विद्यालयले पाउने छैन ।

७. सम्वन्धित वडा कार्यालयको सिफारिस हुनु पर्नेछ ।

पुनश्चः यस प्रकारको कार्यक्रम विगत वर्षहरूमा सवै माध्यमिक विद्यालयहरूले प्राप्त गरिसकेको भएमा ६-८ कक्षा संचालन भएका आधारभुत विद्यालयहरू लाई प्रस्तावना पत्रका आधारमा वियालय छनौट गरिनेछ । कार्यक्रमको प्रस्ताव यसै साथ संलग्न नमूना अनुसारको हुनु पर्नेछ ।

बोधार्थ

श्री सूचना प्रविधि अधिकृत, जैमिनी नगरपालिका - नगरपालिकाको website मा upload गरिदिनु हुन ।

ईश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# कार्यक्रम प्रस्ताव को नमूना

१. बिद्यालयको विवरणः बिद्यालयको संक्षिप्त विवरण यस अन्तर्गत अनुमति प्राप्त मिति, संचालित कक्षा, तहगत रुपमा जम्मा विद्यार्थी संख्या, शिक्षक संख्या र कक्षाकोठा संख्या, शौचालय आदि

२. कार्यक्रम विवरणः

क. कार्यक्रमको नामः

ख. कार्यक्रमको पृष्ठभुमी, आबश्यकता र औचित्य समेतः

ग. कार्यक्रमको उद्देश्यः

घ. सम्पादन गर्नुपर्ने मुख्य मुख्य कामहरुः

ङ. कार्यक्रमबाट प्राप्तहुने उपलव्धिहरुः

च. कार्यक्रम सम्पन्न गर्ने कार्ययोजनाः

| क्र.सं. | क्रियाकलाप | कार्यान्वयन विधि, प्रकृया | समयावधि | जिम्वेवारी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ङ. प्रस्तावित बजेट

१. माग गरिएको रकमः

२. बिद्यालयको आन्तरिक स्रोतबाट व्यहोरिने रकमः

| क्र.सं. | बिवरण | इकाई | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

३. बिद्यालय व्यबस्थापन समितिको निर्णयको प्रतिलिपी

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

बिद्यालयको तर्फबाट

प्रअको नामथरः

बिद्यालयको छाप

पदः

हस्ताक्षरः

मितिः

नोटः कम्प्युटर टाइप गरि व्यान्डिङ गरिएको प्रस्तावना पत्र हुनु पर्नेछ ।

गलकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय ... बागलुङ २०७३

खेम प्रसाद आचार्य
उप सचिव